कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

Google Plus Code

6M2Q+5V7 Kohalpur

लुम्बिनी प्रदेश, नेपाल

प.सं.:२०८२/०८३(राजश्व उपशाखा)

च.नं.:

---

लामो दुरीको बसपार्क भित्र रहेको चार तले टर्मिनल भवन(भुँइतला सहित) बहालमा दिने सम्बन्धी सुचना । ।

ठेक्का नं-BANKE/KOMUN/G/NCB-01/2082/083

सूचना प्रकाशित मितिः २०८२/०४/२१

यस कोहलपुर नगरपालिका लामो दुरीको बसपार्क भित्रको टर्मिनल भवन (Shopping Complex) कोहलपुर नगरपालिकाको सोह्रौ नगरसभाको निर्णय अनुसार आ.व.२०८२/०८३ देखि १५ वर्षको लागि सञ्चालन गर्ने कार्यका लागि तपशिल बमोजिमको क्षेत्रमा प्रतिस्पर्धात्मक रुपमा सबैभन्दा बढी अंक कबोल गर्ने व्यक्ति/ फर्म/ कम्पनीलाई आय ठेक्काको बोलपत्र सार्बजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणालीको वेबसाइट www.bolpatra.gov.np/egpमार्फत बोलपत्र पेश गर्ने सम्बन्धी यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल

| क्र.स | विवरण | एकमुष्ठ प्रतिवर्ष न्यूनतम मुल्य (भ्याट सहित) | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|
| १ | टर्मिनल भवन (Shopping Complex)<br>भुई तला- ५४४८ वर्गफीट(प्रतिक्षालय क्षेत्रफल घटाएर)<br>पहिलो तला- ८८२१ वर्गफिट<br>दोस्रो तला- ५४४८ वर्ग फिट<br>तेस्रो तला- ५४४८ वर्ग फिट | रु.८७,३३,०००।- (सतासी लाख तेत्तीस हजार) | कबोल अङ्कको १० प्रतिशत | बोलपत्र दस्तुर रु. ३०००।- फिर्ता नहुने गरि। |

शर्तहरु :

१. इच्छुक बोलपत्रदाताले फर्म व्यवसाय दर्ता/नवीकरण गरेको प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN)दर्ता, र आ.व. २०८०/०८१ सम्मको करचुक्ता प्रमाणपत्र सहित पछि फिर्ता नहुने गरी रु.३०००(तीन हजार रुपैया मात्र) दस्तुर बुझाई दरभाउपत्र फारम खरिद गर्न सकिनेछ ।

२. ई-बिडिङ मार्फत बोलपत्र खरिद गर्न बोलपत्रदाताले कृषि विकास बैंक शाखा कार्यालय कोहलपुर स्थित कोहलपुर नगरपालिकाको नाममा रहेको राजश्व खाता नं ०७२५०१०००२३५३६५ मा बोलपत्र फाराम दस्तुर बापतको रकम जम्मा गरि सो को सक्कल भौचर तथा माथि उल्लेखित कागजात सहित सार्बजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणालीको वेबसाइट www.bolpatra.gov.np/egp मार्फत बोलपत्र प्राप्त गर्न सकिने छ। बोलपत्र अनलाइन प्रक्रीया (E-bidding) मार्फत मात्र पेश गर्न सकिने छ।

३. तोकिएको म्याद भित्र खरिद गरिएको बोलपत्रहरु मिति २०८२।०५/२० गते दिनको १२:०० बजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणालीको वेबसाइट www.bolpatra.gov.np/egp मार्फत पेश गर्नु पर्नेछ।

...बहादुर गिरी

कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके

Google Plus Code
6M2Q+5V7 Kohalpur
लुम्बिनी प्रदेश, नेपाल

प.सं.:२०८२/०८३(राजश्व उपशाखा)
च.नं.:

४. यसरी तोकिएको समय भित्र दाखिला हुन आएका बोलपत्रहरु दाखिला गर्ने अन्तिम दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ ।बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।बोलपत्र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा सो पछि लगत्तै कार्यालय खुल्ने दिन र समयलाई अन्तिम दिन र समय मानिनेछ।
५. बोलपत्र बापतको धरौटी रकम यस कार्यालयको कृषि विकास बैंक कोहलपुर शाखामा रहेको धरौटी खाता नं ०७२०५०१०००२३५२१७ मा नगदै वा कम्तिमा १२० दिनको समयावधि भएको मान्यता प्राप्त बैंक बाट जारी भएको बैंक जमानत सक्कलै पेश गर्नुपर्ने छ । दरभाउपत्र मान्य अवधी दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट ९० दिनको हुनेछ।
६. बोलपत्र फाराममा दररेट स्पष्ट बुझिने गरी अङ्क र अक्षरमा लेख्नुपर्नेछ । अङ्क र अक्षरको दररेट फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ ।
७. आ.व. २०८२/०८३ को लामो दुरीको बसपार्क भित्रको टर्मिनल भवन (Shopping Complex) व्यवस्थापन सम्बन्धी ठेक्काको अवधि वि.स. २०९७ असार मसान्त सम्मको लागि हुनेछ ।
८. बोलपत्र स्वीकृत भई नियमानुसार सम्झौता भईसकेपश्चात कुनै किसिमको छुट, माफी वा मिनाहा दिईने छैन।
९. सम्झौता गर्दा मूल्य अभिवृद्धि कर सहितको वार्षिक कबोल अंकको ३ महिना बापतको नगदै धरौटी रकम यस नगरपालिकाको नाममा रहेको कृषि विकास बैंकमा रहेको धरौटी खाता नं ०७२०५०१०००२३५२१७ मा दाखिला गर्ने र ९ महिनाको कबोल अंकले हुन आउने रकमको नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको १३ महिना सम्म म्याद भएको बैंक जमानत (Bank Guarantee) राखी बार्षिक रुपमा बैंक ग्यारेन्टी नविकरण गर्ने गरी १५ बर्ष अवधी रहने गरी सम्झौता गरिने छ।
१०. बोलपत्रमा न्यूनतम अङ्क भन्दा माथी कबोल गर्नुपर्नेछ। सबै भन्दा बढी कबोल गर्ने बोलपत्रदातालाई स्वीकृत गरिनेछ।
११. बोलपत्रदाताले आफूले पेश गरेको कबोल अङ्क मूल्य अभिवृद्धि कर सहित वा बाहेक भन्ने स्पष्ट उल्लेख गर्नुपर्नेछ । यदि उल्लेख नगरेमा मूल्य अभिवृद्धि कर बाहेकको मानिनेछ ।
१२. रीत नपुगेको वा म्याद नाघी आएको वा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
१३. बोलपत्रदाताले ठेक्का लिई रकम संकलन गर्ने क्रममा कुनै किसिमको हानी नोक्सानी वा दुर्घटना भएमा सोको सम्पूर्ण जिम्मेवार स्वयं जवाफदेही हुनुपर्नेछ ।
१४. ठेक्का सम्बन्धी कुनै विषय बुझ्नु परेमा कार्यालय समयभित्र राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।
१५. यस सूचनामा उल्लेख नभएको कुराहरु कोहलपुर बसपार्क व्यवस्थापन कार्यविधी (दोस्रो संसोधन),२०८०, स्थानीय सरकार संचालन ऐन २०७४, सार्वजनिक खरिद ऐन (संसोधन समेत), २०६३, सार्वजनिक खरिद नियमावली (संशोधन समेत), २०६४ र अन्य प्रचलित ऐन र कानुन तथा कोहलपुर नगरपालिकाको निर्णय बमोजिम हुनेछ ।

मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत